# तामाकोशी गाउँपालिका
## Tamakoshi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3 No. Province, Nepal
website:www.tamakoshimun.gov.np
email:cao@tamakoshimun.gov.np


पत्र संख्या/**Reference No.:** २०७५/७६
चलानी नम्बर/**Dispatch No.:** ४५२

मितिः २०७५/१२/१२

श्री पवनराज फुयाल
सूचना प्रविधि अधिकृत, तामाकोशी गाउँपालिका ।

बिषयः "रोजगार संयोजक"को जिम्मेवारी प्रदान गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस तामाकोशी गाउँ कार्यपालिकाको कार्यालयमा सूचना प्रविधि अधिकृतको पदमा कार्यरत तपाईं श्री पवनराज फुयाललाई नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७५।१२।०४ गते पत्र संख्या PMEP/14/95 मा व्यवस्था भएबमोजिम यस गाउँपालिकामा रिक्त हुन गएको रोजगार संयोजक पदमा मन्त्रालयबाट पदपूर्ति भइ यस कार्यालयमा कामकाज गर्न नतोकिएसम्मको अवधिका लागि "रोजगार संयोजक"को जिम्मेवारीमा गर्नुपर्ने आवश्यक कामकाज गर्नहुन अनुरोध छ ।

( आङ्दोर्जे लामा )
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP), सिंहदरवार काठमाण्डौ ।
श्री सूचना प्रविधि शाखा, (वेबसाइटमा अपलोड गर्नहुन ) ।

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

PMEP/14/ ९५

मितिः २०७५।१२।०४

श्री स्थानीय तहहरु सबै
मार्फतःसंघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय।

यस मन्त्रालयबाट सञ्चालित **प्रधानमन्त्री रोजगार कार्यक्रम**को कार्यान्वयनका लागि प्रत्येक स्थानीय तह मातहत स्थापना भएका रोजगार सेवा केन्द्रमा रही कामकाज गर्ने रोजगार संयोजकको पद करारमा पदपूर्ति गर्न मिति २०७५।१०।४ गते प्रकाशित सूचना अनुसार पदपूर्ति हुँदा २६८ वटा स्थानीय तहहरु बाहेक अन्य सबै स्थानीय तहका रोजगार सेवा केन्द्रमा रोजगार संयोजक खटिई सकेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

रोजगार संयोजकको पदपूर्ति हुन नसकेका स्थानीय तहका रोजगार सेवा केन्द्रमा यहि चैत्र महिनाभित्रमै पदपूर्ति गर्ने गरी दरखास्त आह्वान गर्दै मिति २०७५।११।३० गते यस मन्त्रालयबाट पुनः सूचना प्रकाशन गरिएको छ।

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम यही चैत्र महिनाभित्र बेरोजगार व्यक्तिहरुलाई आफू स्थायी बसोबास गरेको वडाको कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनको लागि निवेदन दिने सूचना प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np, यस मन्त्रालयको वेभसाइट www.moless.gov.np तथा मिति २०७५।११।२६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित भईसकेको व्यहोरा समेत अनुरोध छ।

उपरोक्त सन्दर्भमा रोजगारी हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम बेरोजगार व्यक्तिहरुको सूचना संकलनको कार्य गर्न तपसिल अनुसारको व्यवस्था हुन मिति २०७५।११।३० गतेको मा. मन्त्रीस्तरको निर्णयानुसार अनुरोध छः

(क) रोजगार संयोजक खटिई सकेका स्थानीय तहहरुमा सबै वडा कार्यालयहरुमार्फत बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गर्ने लगायतका कार्यका लागि रोजगार संयोजकलाई परिचालन गर्नुहुन,

(ख) रोजगार संयोजक खटाउन बाँकी रहेका स्थानीय तहहरुमा रोजगार संयोजक खटिई कामकाज गर्न नतोकिएसम्मको अवधिका लागि सबै वडा कार्यालयमार्फत बेरोजगार व्यक्तिहरुको निवेदन संकलनको कार्य गर्न सम्बन्धित स्थानीय तहमा कार्यरत एक जना कर्मचारीलाई खटाई सहयोग गरिदिनुहन,

ग) खण्ड क र ख को प्रयोजनका लागि बेरोजगार व्यक्तिको निवेदन संकलन गर्ने प्रयोजनको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिमको फाराम यस मन्त्रालयको मिति २०७५।१२।०४ गतेको निर्णयबाट संशोधन भएको हुँदा उक्त संशोधित फाराम यसैसाथ संलग्न राखी पठाइएको छ। सबै स्थानीय तहहरुबाट संकलन हुने बेरोजगार व्यक्तिहरुको विवरण यसैसाथ संलग्न संशोधित फाराम अनुसार संकलन गर्ने व्यवस्था गर्नुहुन।

(डा. लोकनाथ भुसाल)
उप-सचिव